# स्थानीय राजपत्र

## सिद्धार्थनगर नगरपालिकाद्वारा प्रकाशित

खण्डः ९) सिद्धार्थनगर रुपन्देही, नेपाल, चैत्र २५, २०८२ साल

## भाग १

सिद्धार्थनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिद्धार्थनगर, रुपन्देही, नेपालको
सूचना

नेपालको संविधान बमोजिम सिद्धार्थनगर नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको **पुराना नक्सा पास नियमित वा अभिलेखिकरण गर्ने ऐन, २०८१ लाई प्रथम संशोधन गर्न बनेको ऐन, २०८२** सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०८२ सालको ऐन नं. ६**

# पुराना नक्सा पास नियमित वा अभिलेखिकरण गर्ने ऐन, २०८१ लाइ प्रथम संशोधन गर्न बनेको ऐन, २०८२

**प्रस्तावनाः पुराना नक्सा पास नियमित वा अभिलेखिकरण गर्ने ऐन, २०८१** लाई संशोधन वाञ्छनीय भएकोले, नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) "**पुराना नक्सा पास नियमित वा अभिलेखिकरण गर्ने ऐन, २०८१ (प्रथम संशोधन) ऐन २०८२**" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. मुल ऐनको दफा (३) को उपदफा १ मा संशोधनः**

१. **ऐनको दफा ३ को उपदफा १ मा संशोधनः "२०७८ चैत्र १५ अनलाईन प्रकृया लागु हुनु अघि सम्पन्न भई सकेका तर"** भन्ने वाक्यहरु हटाउने र सो हटाइएको वाक्यको स्थानमा **"नक्सा पास प्रकृयामा आई"** भन्ने वाक्य थप गर्नु पर्ने ।

२. **ऐनको दफा ३ को उपदफा १ को बुँदा नं. २ मा संशोधनः** ९"*१२" को पिलरमा **नक्सा** स्वीकृत भइ पश्चात (,) थप गर्ने **२०७८ चैत्र १५, अनलाइन प्रकृया लागु हुन अघि** भन्ने हटाउने । स्वीकृत शब्द पश्चात **लिइ वा** भन्ने वाक्य थप गर्ने ।

३. **मुल ऐनको दफा ३ को उपदफा १ को बुँदा नं. १, २.१, ८, ९ हरुमा संशोधन :** १. "**२०७८ चैत्र १५, अनलाईन प्रकृया लागु हुनु पूर्व नगरपालिकामा दर्ता भइ पास हुन नसकेका**" भन्ने वाक्यहरु हटाउने र सो हटाइएको वाक्यको स्थानमा "**नगरपालिकामा दर्ता भइ विभिन्न कारणले पास/ सम्पन्न हुन नसकेका**" भन्ने वाक्य थप गर्नु पर्ने । २. "**स्ल्याब प्रोजेक्सन ३'६" सम्म Cantilever**" भन्ने वाक्यहरु हटाउने र सो हटाइएको वाक्यको स्थानमा "**Cantilever Slab**" भन्ने वाक्य थप गर्नु पर्ने । ३. "**स्ल्याब प्रोजेक्शन ३'६" भन्दा बढी प्रोजेक्सन वाल लगाएकोमा Structural Analysis ले भवन सुरक्षीत छ भन्ने प्रमाणित भई आएका नक्सा**" भन्ने वाक्यहरु हटाउने । ४. "**बढीमा तीन तलासम्मका भवनहरुको नक्सा**" भन्ने वाक्यहरु हटाउने र सो हटाइएको वाक्यको स्थानमा "**बढीमा १७ मिटर वा पाँच तला सम्मका आवासिय वा मिश्रित आवासिय भवनहरुको नक्सा ।**" भन्ने वाक्य थप गर्नु पर्ने ।

**३. मूल ऐनको दफा ५ मा संशोधनः**

१. **मूल ऐनको दफा ५ मा संशोधनः "घर नक्सा २०७८ चैत्र १५ अनलाइन प्रक्रिया लागु हुनु पुर्व बनि सकेका"** भन्ने वाक्य हटाई **"दफा ३ को उपदफा १ बमोजिमका पुर्व निर्मित"** भन्ने शब्द थप गर्नु पर्ने ।

**४. मुल ऐनको दफा ३ को उपदफा २(ङ) संग सम्बन्धितको अनुसूचि ६ मा संशोधनः**

**१. भवन अभिलेखिकरणका शर्तहरुको बुँदा नं. ३ पश्चात बुँदा नं. ४ " भुकम्पिय जोखिमका कारणबाट हुनसक्ने सबै प्रकारको क्षतीको जिम्मेवार स्वंयम घरधनी हुने ।**" भन्ने बुँदा नं. सहितको वाक्य थप गर्नु पर्ने ।

आज्ञाले:
जनक थापा
प्रमुख प्रशासकीय अधिकृत